

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २३ गते शनिबार ❑ 9 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## युवा शक्ति बाहिरीदा पहाडहरु रिक्तिदै छः अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले युवा शक्ति विदेशीदा पहाडका धैरै गाँउहरु रिक्तिदै गएको बताउनु भएको छ।

एमाले पार्टीले सुरु गरेको 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा' अर्न्तगत पोखरामा आएको उक्त अभियानको क्रममा शुक्रबार पोखराको तालचोकमा संक्षिप्त सम्बोधन गर्दै अध्यक्ष ओलीले उक्त कुरा बताउनु भएको हो।

देशमा अहिले गरिबी, महङ्गी तथा वेतीथी बढेकोले नेपालमा धेरै जनतामा नैरस्यता छाएको अध्यक्ष ओलीले बताउनु भयो। एमाले पार्टी नेतृत्वमा विकासको गति लिएको दाबी गर्दै उहाँले अहिलेको सरकार सरकारमा बसे पनि सरकार चलाउन नसकेको टिप्पर्णी गर्नु भयो। एमालेले सुरु गरेका विकासका योजनाहरु हाल अलपत्र अबस्थामा रहेको बताउदै अध्यक्ष ओलीले एमाले नेतृत्व विना देशमा विकास नहुने जिकिर गर्नु भयो।



देशका युवा शक्ति विदेशीदा नेपालका धैरै पहाडी भेगमा रहेका सुन्दर गाँउहरु रिक्तिदै गएकोले अब यसलाई रोक्नको लागि पनि एमाले नेतृत्व सरकार आवश्यक भएको उहाँको भनाई थियो। समृद्धिका लागि सङ्कल्प यात्रा अभियानले मिसन २०८४ लक्षित गरी आफुहरु देशै भरी पुग्ने गरी विभिन्न अभियानका कार्यक्रम गर्दै जाने भएको अध्यक्ष ओलीले बताउनुभयो।

अध्यक्ष ओलीले वर्तमान सरकारले हाल देशमा देखिएको समस्यालाई समाधान गर्न नसक्ने जिकिर गर्नुभयो। देशमा हाल भ्रष्टाचार बढेको र विकास निर्माणको काम ठप्प रहेको उहाँको भनाई छ।

अध्यक्ष ओलीले अभियानका क्रममा देशका विभिन्न क्षेत्रका जनतासँग प्रत्यक्ष संवाद गरेर जनताका समस्या र विकास निर्माणका लागि आवश्यकताका बारेमा जानकारी लिन पनि उक्त अभियानले थप सहयोग गर्ने जनाउनु भयो। सुखी नेपाली समृद्ध नेपालको नारा अहिलेको सरकारले उच्चाहरण नै गर्न नचाहेको बताउदै अध्यक्ष ओलीले जनतालाई सुखी र देशलाई समृद्धि बनाउने सपना एमाले पार्टीसंग मात्र भएको दाबी गर्नुभयो। नेकपा एमालेका पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई पोखरामा भव्य स्वागत गरिएको छ। नेकपा एमाले समृद्धिका लागि सङ्कल्प यात्राको अभियान अर्न्तगत अध्यक्ष ओली सहितको टोलीलाई पोखरामा शुक्रबार भव्य स्वागत गरिएको एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङले बताउनु भयो।

पुष्पलाल पार्क, जिरो किमी, अमरसिंहचोक र तालचोकमा पार्टी अध्यक्ष ओली सहितका उक्त टोलीमा रहेकाहरुलाई फुलमाला, खादा, फेटा, भाङ्ग्रा समेत लगाउदै स्वागत गरिएको अध्यक्ष गुरुङले बताउनु भयो। पोखराको अमरसिंह चोकमा बिहानै ८ बजेदेखि ठुलो संख्यामा एमाले नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो। अध्यक्ष ओलीसंग सेल्फी लिन बृद्धबृद्धा देखि युवाहरुको उत्तिकै क्रेज देखिन्थ्यो। पोखराका नौं ठाँउमा बिहिबार देखि पार्टी अध्यक्ष ओली सहितका टोलीमा सहभागिहरुलाई स्वागत गरिएको एमाले कास्कीले जनाएको छ।

## पोखरामा अन्तर्राष्ट्रिय पर्वतीय महोत्सव सुरु, हिमाल जोगाउन एकमत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

आठौं संस्करणको अन्तर्राष्ट्रिय पर्वतीय महोत्सव पोखरामा सुरु भएको छ। नेपाल पर्वतारोहण संघले अन्तर्राष्ट्रिय पर्वतीय दिवसको अवसरमा आयोजना गरेको महोत्सवको शुक्रबार अर्थमन्त्री प्रकाशशरण महतले उद्घाटन गरे।

उनले जलवायु परिवर्तनमा योगदान नभएपनि नेपालले प्रत्यक्ष असर भोगिरहेको बताए। हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गरेको असर भारत हुँदै बंगलादेशसम्म फैलने निश्चित रहेको दाबी गरे। 'जुनखालको जलावायु परिवर्तनको असर हाम्रा हिमालमा देखिन थालेको छ। त्यसको प्रभाव यहाँको जनजीवनमा मात्रै परेको छैन, समथर भुभाग भारत बंगलादेशसम्म पुग्ने निश्चित छ', उनले भने। नेपालमा कार्बन उत्सर्जन नगन्य मात्रै भएकाले सन् २०४५ सम्म शुन्यमा झार्ने लक्ष्य लिएको जानकारी दिए। तर, नेपालले आफ्नो लक्ष्य पूरा गरेपनि अन्य मुलुकका कारण नेपालका हिमाल, पहाडसँगै जनजीवनमा प्रभाव पार्ने अर्थमन्त्री महतको भनाइ थियो। ठुला मुलुकले कार्बन उत्सर्जन नरोकेसम्म नेपाल प्रभावित भइरहने उनले बताए। 'हामीले जुन क्षति व्यहोरेका छौं। त्यो क्षतिका लागि तपाईहरु जिम्मेवार हुनुहोस्', अन्तर्राष्ट्रिय समुदायसमक्ष उनको अनुरोध छ।



जलवायु परिवर्तनकै कारण नेपालले बेमौसमी बाढी पहिरोको सामना गर्नुपरेकोमा उनको चिन्ता छ। बेमौसमी बाढी पहिरोले विकासको लागत बढाइरहेको उनले सुनाए। त्यसको क्षतिपूर्ति अन्तर्राष्ट्रिय समुदायले तिर्नुपर्ने महतको जिकिर छ। गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापाले विकसित राष्ट्रले गरेको कार्बन उर्त्सजनको परिणाम नेपालका हिमाल र पर्यावरणले भोग्नुपरेको दोहोऱ्याए। 'हाम्रा हिमालमा जति हिउँ पर्नुपर्ने हो, जति समयसम्म रहनुपर्ने हो त्यो नभएर उजाड बन्दै गइरहेको छ। बाढी पहिरोले हिमालभन्दा मुनि बस्ने जनताको जीवनमा धेरै प्रभाव पारेको छ', मन्त्री थापाले चिन्ता जनाए। हिमालमा देखिएको असरले पर्यटकको संख्यामासमेत कमी आएको उनको भनाइ छ। नेपाल पर्वतारोहण संघका अध्यक्ष निमा नुरुले जलवायु परिवर्तनको असर ठ्याक्कै कुन हिमालमा परिरहेको छ यकिन गर्नुपर्ने आवश्यकता औल्याए। जलवायु परिवर्तनको विषयमा सेचत गराउन युएईको कोप-२८ सम्मेलनमा सहभागी हुन जानु पहिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई कालापत्थरमा लगेको उनको भनाइ छ। 'झण्डोत्तलन गर्नुको अर्थ के थियो भने हामीले हल्ला मात्रै गरेको होइन जलवायु परिवर्तनको असरमा हिमालमा परेको छ। हिमाल कहाँ छ ? नेपालमा, कुन ठाउँमा भन्दा यो ठाउँमा भनेर विश्वको ध्यान आकर्षित गराउन खोजेका हौं', उनले भने। व्यवस्थापनमा चूनौति थपिएकाले हिमालमा भइरहेको फोहोरमा पनि कम गर्न उनको जोड थियो। पोखराको रातोपैरास्थित अन्तर ाष्ट्रिय पर्वतीय संग्रहालयमा सुरु महोत्सव ५ दिनसम्म चल्नेछ। महोत्सवमा पर्वतीय जनजीवन र आरोहीका डकुमेन्ट्रीदेखि जलवायु परिवर्तनको असरबारे बहस हुने सदस्य सचिव निर्मला न्यौपानले जानकारी दिइन्। उद्घाटनको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## जनताको आस्था र विश्वास नै न्यायपालिकाको पुँजी हो : प्रधानन्यायाधीश श्रेष्ठ

**पोखरापत्र संवाददाता**
गोरखा, २२ मंसिर

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिकाको पुँजी जनताको अदालतप्रतिको आस्था र विश्वास भएको बताउनुभएको छ। गोरखा जिल्ला अदालतको नवनिर्मित भवनको आज समुद्घाटन गर्नुहुँदै उहाँले न्यायपालिकाले जनतामा अदालतप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्दै लैजानुपर्नेमा जोड दिनुभयो। प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिका अहिले सकारात्मक गतिमा अघि बढिरहेकोभन्दैसेवाग्राहीकोसुविधा र जनआस्थालाई केन्द्रविन्दुमा राखेर सुधारका कामको थालनी गरिएको जानकारी दिनुभयो। "मैले प्रधानन्यायाधीशको पदभार सम्हालेको छोटो अवधिमा अहिले सुधारका स्पस्ट सङ्केत देखिन थालेका छन्", उहाँले भन्नुभयो, "मेरो न्यायपालिकामा प्रवेश शाखा अधिकृतदेखि सुरु भएकाले न्यायका क्षेत्रमा भएका समस्यालाई बुझ्दै आएकाले सुधार गर्न सकिन्छ भनेर लागेको छु।"

अदालतको सुधारका लागि अहिले आन्तरिक र बाह्य परिस्थिति अनुकूल भएको भन्दै प्रधानन्यायाधीश श्रेष्ठले न्यायिक सुधारमा सबैको स्वामित्व रहेको बताउनुभयो। उहाँले अदालतमा पछिल्लो समय नयाँ दर्ताको तुलनामा बढी मुद्दा फछ्र्योट हुने गरेकोसमेत उल्लेख गर्नुभयो। अदालतलाई प्रविधिमैत्री बनाउँदै लैजानका लागि थालनी भइसकेको उहाँको भनाइ छ।

महिलावादी भएका मुद्दाहरू, घरेलु हिंसासम्बन्धी मुद्दा तथा अंशसम्बन्धी मुद्दा धेरै लामो अवधि तोक्नुहुँदैन भन्नेमा आफू प्रतिबद्ध रहेको भन्दै उहाँले त्यस्ता मुद्दालाई केही अगाडि टुङ्ग्याउन सकिन्छ की भनेर काठमाडौं जिल्ला अदालतमा परिवारिक इजलास थालनी गरेको बताउनुभयो। उहाँले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**





# २३ औं आहा रारा पोखरा गोल्डकप माघ दोस्रो साता

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

सहारा क्लब पोखराको आयोजनामा पोखरा रंगशालामा बर्सेनि आयोजित फुटबल प्रतियोगिता आगामी माघ दोस्रो साता हुने भएको छ।

यसपालि हुने २३ औं संस्करणको आहा रारा पोखरा गोल्डकपको तयारीमा यतिखेर आयोजक लागिपरेको छ । 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' भन्ने उद्देश्यद्वारा अभिप्रेरित हुँदै सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालका ए डिभिजनका क्लब, विभागीय टिमहरु, सुपर लिगका टिम, विदेशी टिम, मोफसलको टिमसहित आयोजकका टिमले भाग लिने छन् ।

प्रतियोगितालाई सधैं झैं हिमश्री फुड्स प्रालिले मुख्य प्रायोजन गरेको छ । साथै पोखरा महानगरपालिकाको प्रवर्द्धन, राष्ट्रिय खेलकुन परिषद्, प्रदेश खेलकुद परिषद् गण्डकी, अखिल नेपाल फुटबल संघ, जिल्ला खेलकुद विकास समिति कास्की र प्रदेश फुटबल संघ गण्डकी, कास्की जिल्ला फुटबल संघ, सहारा युके, सहारा हङकङ, सहारा अष्ट्रलिया समेतको विशेष सहयोग रहने छ। लुम्बिनी विकास बैंक अफिसियल बैंक छ भने बुद्ध एयर अफिसियल एयरलायन्स हो।

प्रतियोगिताबाट बचत रकम क्लबद्वारा सञ्चालित कठिन परिस्थिति एवं विपन्न वर्गका बालकहरु आश्रित सूर्यबहादुर केसी मेमोरियल फुटबल एकेडेमीका बालकहरुको निःशुल्क शिक्षादीक्षा, स्वास्थ्य, फुटबल प्रशिक्षण लगायत भरणपोषणमा खर्च गरिने छ। यसको अतिरिक्त पर्यटकीय शहर पोखरालाई स्पोर्टस् हब सिटीको रुपमा विकास गर्दै पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउनुको साथै पोखरालाई अन्तर्राष्ट्रियरुपमा परिचितगराउनुयसप्रतियोगिताकोउद्देश्य हो। साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लब आमन्त्रित यो फुटबल प्रतियोगिताले नवप्रतिभावान फुटबल खेलाडीहरुको अन्तरनिहित फुटबल खेलकौशल प्रदर्शन गर्ने उचित अवसर प्रदान गर्नेछ। गत संस्करणको विजेता संकटा क्लब काठमाडौं तथा उपविजेता भुटनीज युथ स्पोर्टस् क्लब, मिनिसोटा, अमेरिका हो।

# पुरुषतर्फ आरभ र रिकु तथा महिलातर्फ आसाकुरा र महेश्वरी प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी आइटीएफ जे-३० को दोश्रो सर्किट अन्तर्गत डबल्स पुरुषतर्फ नेपाली मुलका अमेरिकी खेलाडी आरब सम्राट हाडा र जापानका रिकु हिगासीको जोडी प्रथम भएको छ।




शुक्रबार पोखरा रंगशालामा भएको फाइनल खेलमा भारतका ओजास मेलावाट र अधिराज ठाकुरको जोडीलाई ६-२, ६-३ को सेटमा पराजित गरे। महिला डबल्सतर्फ जापानकी उता आसाकुरा र भारतका इशी महेश्वरीको जोडी प्रथम भए। फाइनल खेल खेलमा यो जोडीले भारतका भेनेला रेडी गारुगुपाटी र सायवी सायवी गौरव दलालको जोडीमाथि ६-३, ६-३ को नजिता निकाले। प्रतियोगिताको पुरुषतर्फ उपाधीका लागि आरब सम्राज हाडा र एलेक्से सिवोइव भिड्ने भएका छन् । आरबले जापानका रिकु हिगासीलाई ६-३, ६-३ ले तथा एलेक्सेले भारतका जेसन डेभिडलाई वाकओभरमा जित हाँसिल गर्दै फाइनलमा स्थान बनाएका हुन्। महिलातर्फ जापानका उता आसाकुरा र भारतका अर्जान खोराकीवालाले फाइनलमा स्थान सुरक्षित पारेका छन् । आसाकुराले भारतका अन्भि पुनागाण्टीलाई ६-१, ६-१ ले तथा खोराकीवालाले भारतकै भामिका सर्मालाई ६-१, ६-० ले पराजित गर्दै फाइनलमा पुगेका हुन्।

प्रतियोगिताको समापन शनिबार हुने आयोजक संघका अध्यक्ष एवं प्रतियोगिता संयोजक लोक गुरुङ्गले जानकारी दिए ।

# मुलुकको साझा समस्या भष्ट्रचार हो - कानुन मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ मंसिर

कानुन न्याय तथा ससदिय मामिला मन्त्री धनराज गुरुङले मुलुकको साझा समस्या भष्ट्रचार भएको बताएका छन्।



स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाले आयोजना गरेको प्रथम राष्ट्रपति कप तथा शैक्षिक महोत्सव २०८० को समापन गर्दै मन्त्री गुरुङ्ले साझा समस्याको रुपमा रहेको भष्ट्रचारले गर्दा मुलुकको मुहार नफेरिएको बताएका हुन् । सबैदलहरु मिलेर भष्ट्रचारको अन्त्य नभएसम्म मुलुकको विकास सम्भव नभएको बताएको उनले बताए। सरकारको मिसन भ्रष्टचारको अन्त्य गर्नु हो उनले भने,'भ्रष्टचारी जुनसुकै दलको भएपनि छाड्न हुदैन ।' भष्ट्रचारका जराहरु तल्लोतह सम्म पुगेका छन् यसको अन्त्य हुनु जरुरी छ उनले भने । प्रधामन्त्री प्रचण्ड पनि भ्रष्टचारको अन्त्य गर्ने अभियानमै रहेको बताउदै आफु र प्रधामन्त्री सल्लाह गरेर अगाडी बढेको दावी गरे । भ्रष्टचारीको जात, धर्म, राजनीति नहुने भन्दै मन्त्री गुरुङले भ्रष्ट्रचारका कारण देशको बिकास निर्माण ओझेलमा परेको छ। यसको अन्त्य नगरे सम्म देशको भबिष्य उज्जल नहुने उनको भनाई छ । भ्रष्टचारको बिरुद्धमा काम गर्ने सरकार अहिलको गठबन्धन सरकार भएको दावी गुरुङ्को छ। गफ र बिरोध गरेर देश अगाडी नबढ्ने जनाउ दिदै मन्त्री गुरुङले केहि नेताहरु बिरोध गरेर धमिलो पानीमा माछा मार्ने काम गरेको जिकिर गरे। हिजोदेखि नै सत्तामा रजगज चलाउनेले काम गर्ने सकेको भए देशमा अहिलेको अवस्था नआउने मन्त्री गुरुङ्ले बताए । नेपाली काग्रेसको उपसभापति रहेका गुरुङले ४० बर्षबाट राजनीति सुरु गरेको जानकारी दिदै राजनीति बुझेरमात्रै गर्न आग्रह गरे । पालिकाले आयोजना गरेको राष्ट्रपति कप खेलकुद पनि विद्यार्थीकाको सिकाइको पाठ भएको बताए । आफु पनि भलिबल खेलाडी भएको बताउदै मन्त्री गुरुङले खेलमा हार जित हुने र हारलाई निरास हैन सफलता मान्नु पर्ने भनाई थियो।

पदक पाइन भनेर निरास हुनु नपर्ने बताउदै २२ बर्ष फेल भएका अब्राहम लिङकन १६ औ राष्ट्रपति बनेको गुरुङको भनाई थियो । कार्यक्रममा उपाध्यक्ष सपना गुरुङ्, प्रमुख प्रासकिय अधिकृत आशिष शर्मा, शिक्षक लाल केसी, गंगा गुरुङ, वडा नं २ का अध्यक्ष धन बहादुर गुरुङ लगायतले मन्तब्य राखेका थिए।

# जनताको ...

न्यायमा सहज पहुँचका लागि अदालतमा भिडियोमार्फत बहस गर्न सक्ने, बयान दिनसक्ने व्यवस्थासमेतको थालनी गरिएको बताउनुभयो । प्रधानन्यायाधीश श्रेष्ठले छिटोछरितो मुद्दाको किनारा लगाउने आफूहरूको चाहाना रहेको आफूहरू संविधानले बाँधिने भएकाले कसैको अधिकार खोसिन दिन नसकिने धारणा राख्नुभयो।

"विकास निर्माणका काममा सकभर अदालतले सकारात्मक विचार राख्नुपर्छ भन्ने हाम्रो सोच छ", उहाँले भन्नुभयो, "तर कसैको सम्पत्तिको हरण हुनदिन मिल्दैन, क्षतिपूर्ति नदिई काम गर्न मिल्दैन, मानव अधिकार र सम्पत्तिसम्बन्धी अधिकार पनि ख्याल गर्नुपर्छ।" नेपालको संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको प्रत्याभूतिसहित मानव अधिकार, कानुनको शासन, नागरिक अधिकार, मौलिक अधिकार तथा संवैधानिक अधिकारसहितको न्याय प्रदान गर्न अदालत प्रतिबद्ध रहेको प्रधानन्यायाधीश श्रेष्ठको भनाइ छ । उहाँले नवनिर्मित जिल्ला अदालतको भवनबाट हुने न्याय प्रदान तथा सेवा प्रवाह थप प्रभावकारी हुने विश्वाससमेत व्यक्त गर्नुभयो। प्रधानन्यायाधीश श्रेष्ठले नवनिर्मित भवन आधार भूतरूपमा सुविधासम्पन्न भएको भन्दै यसको उचित संरक्षण र सम्वर्द्धनमा जोड दिनुभयो।

# कर्जा बढाउने गरी मौद्रिक नीति समीक्षा : गभर्नर

**रासस**
काठमाडौं, २२ मंसिर

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले विद्यमान मद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गरी मौद्रिक नीतिको समीक्षा गरिएको बताउनुभएको छ।

शुक्रबार आयोजित चालु आर्थिक वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षाबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा गभर्नर अधिकारीले कर्जा विस्तारमा सहज हुने र पुराना असल ऋणीलाई व्यवसाय निरन्तरतामा सहज हुने नीति राष्ट्र बैंकले लिएको बताउनुभयो।

ऋण नतिर्ने ऋणीलाई कडारूपमा प्रस्तुत हुने तर वास्तविक समस्यामा परेका ऋणीलाई कर्जा पुनःसंरचनामा सहजीकरण गरिने र मौद्रिक नीति सल्लाहकार समिति गठन गरिने पनि अधिकारीले बताउनुभयो । आन्तरिक रेमिट्यान्स खुलाउनेबारे राष्ट्र बैंकलाई आग्रह आएको र यसबारे अध्ययन गरेर कारोबार रकमको सीमा निक्यौल गरिने गभर्नर अधिकारीले बताउनुभयो । "आन्तरिकरेमिट्यासकोकारोबारमा कति रकम भन्नेबारे अध्ययनपछि मात्रै तय हुनेछ। तर मलाई लाग्छ, त्यति ठूलो रकममा हुँदैन । रु १० देखि रु १५ हजारसम्मको हुनसक्छ", अधिकारीले भन्नुभयो, "यसबारे रिक्वेस्ट र रिफ्रेन्स दुवै छ ।" ब्याजदर करिडोर कायम गर्नका लागि राष्ट्र बैंक कटिबद्ध रहेको पनि उहाँको भनाइ छ। मुद्रास्फीतिलाई हेरेर नीतिगत दरलाई कायम गर्ने विषयमा पनि राष्ट्र बैंक दृढ रहेको उहाँले बताउनुभयो । मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत राष्ट्र बैंकले बैंक दरलाई सात दशमलव पाँच प्रतिशतबाट घटाएर सात प्रतिशतमा कायम गरेको छ भने नीतिगत दरलाई छ दशमलव पाँच प्रतिशतबाट घटाएर पाँच दशमलल पाँच प्रतिशतमा कायम गरिएको छ। त्यसैगरी निक्षेप सङ्कलन बोलकबोल दरलाई साढे चार प्रतिशतबाट घटाएर ३ प्रतिशत कायम गरिएको छ।

बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुने घरजग्गा कर्जा र रु ५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई एक सय २५ प्रतिशत कायम गरिएको छ। रु ५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाएर ६० प्रतिशत कायम हुने व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्थाले निष्काशन गरेको डिवेन्चरलाई २०८० पुससम्मका लागि स्रोतका रूपमा शतप्रतिशत गणना गर्न पाउने व्यवस्था रहेकोमा पुसपछि आगामी असार मसान्तसम्म त्यस्तो डिवेन्चरको ५० प्रतिशत रकम स्रोतका रूपमा गणना गर्न पाउने व्यवस्था ल्याइएको छ । मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत जाजरकोट भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरको पुनःनिर्माणका लागि भूकम्प प्रभावितको रूपमा सूचीकरण गरेका परिवारलाई बैंक तथा वित्तीय संस्थाले रु २५ लाखसम्मको आवासीय घर कर्जा दिन सकिने र यस्तो कर्जामा आधार दरमा दुई प्रतिशत विन्दुभन्दा बढी प्रिमियम थप गर्न नपाउने व्यवस्था गरिएको छ।

यस्तो कर्जामा साविकको कर्जा-धितो अनुपातमा बैंक तथा वित्तीय संस्थाले १० प्रतिशत वा सोभन्दा बढी विन्दुसम्म थप गर्न सक्ने व्यवस्था गरिएको छ।

# पोखरामा ...

अवसरमा 'साइलेन्ट बर्डस्' नामक नाटक देखाइयो । नेपाल पंक्षी संरक्षण संघसँगको सहकार्यमा देखाइएको 'साइलेन्ट बर्डस्' ले गिद्धको महत्व र उपयोगिताबारे सन्देश दिएको थियो।


किम्फसँगको सहकार्यमा पर्वतारोहण र पर्वतीय जीवनबारे ६ वटा वृत्तचित्र प्रदर्शन हुनेछ । पासाङ, माउन्टेन म्यान, सोफी लाभाड, द सेकेन्ड समिट, अई-डेला हट्स भ्यालिस र एभरेस्ट म्यान वृतचित्र मञ्चन हुने न्यौपानेले बताइन् । महोत्सवकै अवसरमा फरक भूगोलमा एकै प्रकारको हिमाली जनजीवन झल्काउने अस्ट्रियन आमाछोरी डा. इरिका हुबाचेक र उनकी छोरी इर्मट्रड हुबाचेकले खिचेका तस्वीर पनि प्रर्दशनमा राखिएको छ । यस्तै, झोलुङ्गे पुल र पर्वतारोहणसम्बन्धी विभिन्न विधामा कीर्तिमान बनाएका पर्वतारोहीको तस्वीरसमेत प्रदर्शनी छन् । महोत्सवमा जलवायु परिवर्तनले हिमालसँगै हिमाली जनजीवनमा पारेको प्रभाव र कालापत्थरमा परिणत हुँदै गएका हिमालबारे बहस हुने जनाइएको छ। सोमबार 'हिमाल किन कालो हुँदैछ ? के यो परिवर्तन हाम्रो जीवनसँग सम्बन्ध छ ?' शीर्षकमा डब्लुडब्लु एफका डा. घनश्याम गुरुङ, इसिमोडकी डा. अमिना महर्जन र पत्रकार कुन्द दिक्षितले वार्तालाप गर्नेछन् । आठौं संस्करणको पर्वतीय महोत्सवमा पहिलो पटक 'टग अफ वार' समेटिएको छ। छेलो प्रतियोगिता, जिपलाइन, आर्चरी, दोहोरी गीतको रौनक महोत्सवमा छ। २८ स्टल रहेको महोत्सवमा स्थानीय हस्तकलाका सामाग्रीसँगै कृषि, हिमाल आरोहणमा आवश्यक सामाग्री, दैनिक उपभोग्य बस्तु र सेवा समावेश छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नगरकी 'छोरी' लाई ५ हजार

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २२ मंसिर



लिङ्गका हिसावले छोरा भए खुशी हुने समाजलाई परिवर्तन गराउन गल्याङ नगरपालिकाले नगरकी 'छोरी' कार्यक्रम शुरु गरेको छ । लिङ्गका आधारमा विभेद गर्ने परिबेसको अन्त्य गर्न नगरपालिकाले नगरकी 'छोरी' कार्यक्रम मार्फत प्रोत्साहन स्वरुप नगद दिने अभियान हुरु गरेको हो । महिला शसक्तिकरणका लागि छुट्टाइएको बजेट मार्फत यो कार्यक्रम शुरु गरिएको नगरपालिकाले जनाएको छ । गल्याङ नगरपालिका ३ की मिना दर्जीकी आठदिनकी छोरीको नाममा गरिमा विकास बैंकमा खाता खोलेर शुभारम्भ गरिएको छ। उनको नाममा ५ हजार रकम बैंकमा जम्मा गरिएको छ।

आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा समेत यो अभियानलाई समेटेको थियो । हाम्रो समाज अझैपनि छोरा भए खुशी हुने अवस्था रहदै आएकोले यसको अन्त्य गर्नका लागि यो कार्यक्रम शुरु गरिएको गल्याङका नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए। आर्थिक बर्षको साउनदेखी यता जन्मिएका छोरीहरुलाई नगरपालिकाले बैंकमा खाता खोलेर ५ हजार जम्मा गरिदिने छौं नगर प्रमुख भट्टराईले भने,'यो रकम छोरी १८ बर्ष पुगेपछि मात्रै झिक्न पाइनेछ ।' महिला पुरुषको अन्त्य गर्न यो कार्यक्रमले सहयोग पुग्ने विश्वास हामीले लिएका छौं उनले भने। नगरपालिकाले कार्यविधि नै बनाएर यो कार्यक्रमलाई दिगोरुप दिने तयारीमा रहेको भट्टराईले बताए। पहिलो सन्तान छोरा भयो भने अर्को सन्ताननै नजन्माउने परिपाटी समेत बसेको छ उनले भने,'छोरी पनि आवश्यकता हो भन्ने सन्देश समााजलाई यो कार्यक्रमले दिएको छ ।' गर्भअवस्थामा छोरा भए राख्ने र छोरी भए नराख्ने बिषयको अन्त्य गर्न यो कार्यक्रमले टेवा पुग्ने विश्वास छ उनले भने।

संविधानले महिला अधिकार सुनिश्चित गरेपनि समाजमा अझै पनि छोरीलाई हेर्ने दृष्टिकोण फरक रहदै आएको छ। ५ छोरी जन्माएकी मिना दजीले छोरा पाउने आशमा छैठौं सन्तान पनि छोरीनै जन्माएकी छन् । उक्त घरमा पुगेर गल्याङ नगर उपप्रमुख हेमा न्यौपानेले हौसला प्रदान गर्दै बैंकमा खाता खोलेर कार्यक्रमको शुभारम्भ गरेकी थिइन् । छोरी पाउनुपर्छ भन्ने हौसला दिन यो कार्यक्रम अगाडी सारिएको हो उनले भनिन्, 'महिला पुरुष नभए सुष्टि कसरी चल्छ, अनि समाज कसरी बन्छ ।' अझैपनि हाम्रो समाज महिलामाथीको विभेदमा चलिरहेको छ, यसको अन्त्य गर्न आवश्यक छ उनले भनिन् । महिलाहरुका लागि बिभिन्न कार्यक्रमहरु नगरपालिकाले ल्याएको जानकारी न्यौपानेले दिइन् । गर्भावस्थामा अण्डावितरण, सुत्केरी भेटघाट जस्ता महिला शसक्तिकरण कार्यक्रम अगाडी सारिएको उपप्रमुख न्यौपानेले बताइन् ।

नगरपालिकाले ल्याएको नगरकी 'छोरी' कार्यक्रम मार्फत सुत्केरी आमा र बच्चाको स्वास्थ्य उपचारको समेत व्यवस्था मिलाएको छ। छोरीलाई ५ हजार, उनीहरुको स्वास्थ उपचार सहितको सेवाले नगरपालिकाले अगाडी सारेको कार्यक्रम नागरिकमुखी रहेको बताइएको छ । नगरपालिकाको केहीदिन अगाडी बसेको कार्यपालिका बैठकको निर्णय अनुसार चालु आर्थिक बर्षमा जन्मेका छोरीहरुलाई बैंक खाता खोलेर रकम दिने निर्णय गरेको थियो । जन्मदर्ताको आधारमा बैंकमा खाता खोल्ने र १८ बर्ष उमेर पुगेपछि मात्रै यो रकम उनै छोरीले प्रयोग गर्न पाउनेगरी बैंक सगँ सम्झौता गरिएको नगरपालिकाले जनाएको छ।

# मुस्ताङबाट ४९ करोडको स्याउ निकासी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ मंसिर

मुस्ताङबाट यस वर्ष रु ४९ करोडभन्दा बढी मूल्यको स्याउ निकासी भएको छ। स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख कृषि उपज हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मुस्ताङस्थित स्याउ जोन कार्यालयले यस वर्ष उत्पादन भएको ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको जनाएको छ। स्याउ जोन मुस्ताङका प्रमुख नेत्रप्रसाद भट्टले जिल्लाभर चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएको मध्ये चार हजार चार सय ७७ दशमलव पाँच मेट्रिक टन स्याउ देशका विभिन्न ठाउँमा निकासी भएको बताउनुभयो । "मुस्ताङमा फलेको मध्ये ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको छ", उहाँले भन्नुभयो, "करिब पाँच सय मेट्रिक टन स्याउ बेमौसममा बिक्री गर्न चिस्यान गृहमा राखिएको छ।" कृषकले बिक्री गरेको सरदर प्रतिकिलो रु एक सय १० का दरले हिसाब गर्दा रु ४९ करोड २५ लाख २५ हजार मूल्य बराबरको स्याउ निकासी भएको स्याउ जोन कार्यालयले जनाएको छ।

म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायत सहरका व्यापारीले बगैँचामा नपाक्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्दछन्। मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीका रूपमा स्याउ किनेर लैजाने गर्छन्। धादिङबाट स्याउ खरिद गर्न मुस्ताङ पुगेका व्यापारी शिवाङ तामाङले बेनी, बागलुङ र पोखराका बजारमा मुस्ताङको स्याउको माग उच्च हुने गरेको बताउनुभयो । पातलो फले पनि दाना ठूला र स्वादिष्ट रहेको उहाँले बताउनुभयो । बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छन्। मुस्ताङमा रेडडेलिसियस, रोयल डेलिसियस, रिचारेड डेलिसियस र गोल्डेन डेलिसियस जातका स्याउ खेती गरिएको छ । मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएका स्याउका बोटले उत्पादन दिने गरेको छ । करिब ३८ हेक्टर क्षेत्रफल जमिनमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती गरिएको छ।

गत वर्ष मुस्ताङमा छ हजार छ सय मेट्रिक टन स्याउ उत्पादन भएकामा यसपालि २४ दशमलव ५८ प्रतिशतले उत्पादन घटेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताउनुभयो । "फूल खेलेर परागसेचन हुने समयमा धेरै वर्षा हुँदा फूलबाट स्याउको दाना कम लागेकाले उत्पादन घटेको हो", उहाँले भन्नुभयो, "स्याउको फूल फुल्ने समय वैशाख-जेठ महिनामा वर्षाले स्याउ बोटमा परागसेचन (पोलिनेसन)हुन नपाउँदा उत्पादनमा असर परेको हो ।" केन्द्रले मुस्ताङका पाँचवटै स्थानीय तहका स्याउ बगैँचामा क्रम कटिङ विधिबाट उत्पादकत्वको विवरण सङ्कलन गरेर तथ्याङ्क बनाएको जनाएको छ। थासाङ गाउँपालिकाको कूल एक सय आठ हेक्टरमा पाँच सय ५१ दशमलव ८८ मेट्रिक टन, घरपझोङ गाउँपालिकाको दुई सय ८२ हेक्टर क्षेत्रफलमा दुई हजार चार सय दुई दशमलव ६४ मेट्रिक टन, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक सय ८३ हेक्टर क्षेत्रफलमा एक हजार नौ सय २३ दशमलव ३३ मेट्रिक टन, लोघेकर दामोदरकुण्ड गाउँपालिकाको १२ हेक्टरमा ९५ मेट्रिक टन र लोमान्थाङ गाउँपालिकाको शून्य दशमलव २५ हेक्टर क्षेत्रफलमा एक दशमलब ९९ मेट्रिक टन स्याउ उत्पादन भएको छ।

गत वर्ष रु पाँच करोड मूल्यको स्याउ बिक्री गरेका घरपझोङ गाउँपालिका-२ स्याङ्का किसान कर्म गुरुङले यस वर्ष रु तीन करोडको मात्र स्याउ बिक्री भएको बताउनुभयो । उहाँको बगैँचामा एक हजार पाँच सय बोट स्याउले उत्पादन दिन्छ । स्याउ टिपेर बजार पठाएपछि मुस्ताङका किसान बगैँचामा व्यवस्थापनमा जुटेका छन् । सडक यातायातको सुविधासँगै सहज बजार र राम्रो मूल्य पाउन थालेपछि मुस्ताङका किसान स्याउ खेतीमा आकर्षित भएका छन् । कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार गत वर्षसम्म कूल एक हजार चार सय ७५ हेक्टर जमिनमा स्याउ खेती गरिएको थियो। यस वर्ष २० हेक्टर क्षेत्रफलमा स्याउ खेती विस्तार भएको छ । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहको कृषि शाखाले अनुदानमा स्याउका बिरुवा वितरण, स्याउ राख्ने प्याक सहयोग, सिँचाइ, चिस्यान गृह निर्माणलगायत काममा किसानलाई सहयोग गरेका छन्।

# मुग्लिन-पोखरा सडक विस्तार: पूर्वी खण्डमा नौ किमी कालोपत्र

**रासस**
दमौली, २२ मंसिर

पृथ्वीराजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा ४२ प्रतिशत प्रगति भएको छ । तनहुँको आँबुखैरेनीबाट जामुनेसम्मको उक्त खण्डमा सो प्रगति हासिल भएको हो।

सडक फराकिलो बनाइएका ठाउँमा कालोपत्र गर्ने काम अगाडि बढेको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। ४१ दशमलव पाँच किलोमिटर खण्डमध्ये हालसम्म नौ किलोमिटर खण्ड एकतर्फी कालोपत्र सकिएको उहाँले जानकारी दिनुभयो।

त्यस्तै थप पाँच किलोमिटर कालोपत्र गर्ने काम बुधबारदेखि सुरु भएको छ । आँबुखैरेनी गाउँपालिका-३ गाउँपालिका चोकबाट मार्कीचोकसम्म जोड्ने गरी अल्स्फाट प्रविधिको कालोपत्र सुरु गरिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँपालिका चोकबाट सुरु गरेर गत असार महिनामा कालोपत्र गरिएको स्थान मार्कीचोकसम्म जोड्ने गरी बुधबारदेखि कालोपत्रको काम अगाडि बढेको छ ।" यसअघि आँबुखैरेनी -१ सत्रसयबाट सुरु गरेर मार्किचोकसम्म गरी तीन दशमलव पाँच किलोमिटर दूरीमा कालोपत्र सम्पन्न भइसकेको छ। अहिले १५ दिनभित्र सम्पन्न गर्ने लक्ष्यका साथ कालोपत्रको काम काम अघि बढेको आयोजनाले जनाएको छ।

उहाँका अनुसार बन्दीपुर गाउँपालिका-१ नाहालाबाट छिर्कनेसम्म पाँच दशमलव पाँच किलोमिटर र आँबुखैरेनी -१ बरादीमा तीन दशमलव पाँच किलोमिटर खण्ड कालोपत्र सकिएको छ। उहाँले भन्नुभयो, "दुई ठाउँमा एकतर्फीरूपमा नौ किलोमिटर खण्ड कालोपत्र सकिएको छ। केही समयपश्चात् अर्कोतर्फ पनि कालोपत्रको काम हुनेछ ।" पृथ्वीराजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा धमाधम काम भइरहेको छ । आँबुखैरेनीबाट जामुनेसम्मको खण्डमा काम तीव्रगतिमा अगाडि बढेको उहाँको भनाइ छ। पूर्वी खण्डमा सडक फराकिलो बनाउने, पक्की पुल तथा कल्भर्ट निर्माणले पनि गति लिएको छ।

राजमार्ग विस्तारका लागि पूर्वी खण्डमा घरटहरा हटाउने काम चलिरहेको छ। यो खण्डमा छ सय ३१ घरटहरा भत्काइने छ। त्यसका लागि रु २२ करोड ४५ लाख मुआब्जा वितरण गरिनेछ। पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । एकचालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ। पश्चिम खण्डअन्तर्गत जामुनबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ । पश्चिम खण्डको काम भने १२ प्रतिशतमात्रै सकिएको बताइएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

चार लेनको बन्दा सडकसीमा दुईतर्फी २५-२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ। तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रेबजार क्षेत्र र कास्कीको गगनगौँडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुने जनाइएको छ।

# एसिया कप क्रिकेट : नेपाल पाकिस्तानसँग पराजित

**रासस**
काठमाडौं, २२ मंसिर

एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमा नेपाल पाकिस्तानसँग ७ विकेटले पराजित भएको छ।

जीतका लागि एक सय ५३ रनको विजयी लक्ष्य पछ्याएको पाकिस्तानले २६ दशमलव दुई ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो । पाकिस्तानको लागि आजन आविसले सर्वाधिक ५६ रनको योगदान दिए । उनले ६२ बलमा आठ चौकासहित ५६ रनमा अविजित रहे।

त्यस्तै पाकिस्तानी कप्तान साद बैगले ५० रन बनाए। उनले ५६ बलमा पाँच चौकासहित ५० रन जोडेका हुन् । मोहम्मद जिशानले आठ बलमा दुई चौका र दुई छक्कासहित २० रनमा अविजित रहे। नेपालका लागि गुलशन झाले दुई विकेट लिए भने आकाश त्रिपाठीले एक विकेट झारे ।त्यसअघि संयुक्त अरब ईमिरेट्स (युएई) स्थित दुबइको आइसिसी एकेडेमी २ क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४७ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै एक सय ५२ रनको योगफल बनाएको थियो। नेपालका लागि उत्तम थापा मगरले अर्धशतक प्रहार गरे । उनले ७६ बलमा तीन चौका र दुई छक्काको मद्दतमा ५१ रनको योगदान दिएका हुन । त्यसैगरी नेपालका दीपेश कँडेलले ३१ रन बनाए। उनले छैटौं विकेटका लागि उत्तम थापामगरसँग ६८ रनको साझेदारी गरेका थिए। कँडेलले ५९ बलमा दुई चौका र एक छक्काको मद्दतमा ३१ रन बनाएका हुन्।

सुरुआती ओपनर अर्जुन कुमालले २१ रन जोडे । उनले ३७ बलमा ३ चौका प्रहार गरे । खराब ब्याटिङ गरेको नेपालका लागि गुल्सन झा एक रनमै आउट हुँदा १७ ओभरमा ४६ रन जोड्दा नेपालले सुरुवाती पाँच विकेट गुमाएको थियो । त्यसैगरी कप्तान देव खनालले १३ बल खेल्दा शून्यमा आउट भए। आकाश त्रिपाठी छ रनमा आउट हुँदा तिलक भण्डारीले सात रन जोडे । सुवास भण्डारीले अविजित आठ रन बनाए।

# मादी नदीमा तटबन्धन निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, २२ मंसिर

गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा तनहुँको मादी नदी नियन्त्रण कार्यक्रमअन्तर्गत दुई चरणमा तटबन्धन निर्माण भइरहेको छ। व्यास नगरपालिका-६ शिशाघाटदेखि व्यास-५ पाटनसम्म करिब १६ किलोमिटर दूरीमा तटबन्धन निर्माण भइरहेको हो।

गत वर्ष मादी नदीमा आएको बाढीले मानव बस्ती आसपासका क्षेत्र कटान गरी उच्च जोखिम बनाएपछि संरक्षणका लागि तटबन्धन निर्माण थालिएको जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले जनाएको छ।

पहिलो चरणअन्तर्गत सिसाघाटदेखि चिन्तुटारसम्म र दोस्रो चरणअन्तर्गत गौशालादेखि पाटनसम्म नदी नियन्त्रणका लागि तटबन्धनका काम भइरहेको कार्यालयका इन्जिनियर पुष्पराज श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार दुवै चरणको गरी हालसम्म ४८ प्रतिशत कार्य प्रगति भएको छ । सङ्घ विशेष अनुदान कार्यक्रमअन्तर्गत गण्डकी प्रदेशको आर्थिक सहयोगमा निर्माण भएको मादी नदी किनारमा तटबन्धनका काम भइरहेको श्रेष्ठले बताउनुभयो। उक्त योजनाको हालसम्म वित्तीय प्रगति ४५ प्रतिशत रहेको छ । उहाँका अनुसार विसं २०८१ भदौ ५ गतेभित्र योजना सम्पन्न गर्ने गरी सम्झौता गरी निर्माण अघि बढाइएको हो। "नदी कटानले जोखिममा परेका बस्तीलाई प्राथमिकता दिएर काम गरिएको छ", श्रेष्ठले भन्नुभयो, "तटबन्धन निर्माणपछि स्थानीयवासीले राहतको महसुस गर्नसक्ने छन् ।" अति जोखिम क्षेत्र व्यास नगरपालिकाको वडा नं ३,४,५,६ र १० मा पर्ने मादी नदी नियन्त्रणका लागि निर्माण तीव्र गतिमा भइरहेको कार्यालयका डिभिजन प्रमुख प्रकाश लम्सालले जानकारी दिनुभयो। उहाँका अनुसार चरण-१ का लागि रू आठ करोड ६३ लाख र चरण-२ का लागि रू नौ करोड ३५ लाखमा ठेक्का सम्झौता भएको हो। गत वर्ष नदीमा आएको बाढीले कटान गरी जिल्लाको सदरमुकाम दमौली बजार उच्च जोखिममा परेपछि किनारमा ग्याबिन वालसहितको बाँध निर्माण गरिएको थियो । समुद्री सतहबाट करिब चार मिटर उचाइको ग्याबिन वाल निर्माणपछि नदी कटान नियन्त्रणमा आई सदरमुकाम संरक्षणमा सहयोग पुगेको पाटन टोल विकास संस्थाका निवर्तमान अध्यक्ष कृष्ण श्रेष्ठले जानकारी दिनुभयो । बाढीले बस्ती जोखिममा परेपछि रातभर जाग्रम बसेको स्मरण गर्दै उहाँले भन्नुभयो, "तटबन्धन निर्माण भएपछि स्थानीय बासिन्दा ढुक्क भएका छौं।" उहाँका अनुसार नदी कटानले व्यास-६ पाटन क्षेत्रका मात्रै छ सयभन्दा बढी घरधुरी जोखिममा रहेका थिए । "समयमै तटबन्धन नगरिएको भए धेरै क्षति भोग्नुपर्ने अवस्था थियो", श्रेष्ठले भन्नुभयो, "व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेको पहलमा गण्डकी प्रदेशले बजेट विनियोजन गरिदिएपछि नदी किनारमा तटबन्धन निर्माणसँगै राहतको महसुस गरेका छौं।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## बिमालेख हरायो

साविक युनियन लाइफ इन्स्योरेन्स कम्पनी र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीबाट जारी गरिएका निम्न लिखित विवरणका बिमालेखहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

| नाम | बिमालेख नं. |
|---|---|
| १) मिना पाठक | Uli ४०४००००२२५ |
| २) समिप आचार्य | Plic १५१०००००३८४ |

सम्पर्क
हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड
सभागृहचोक शाखा, कार्यालय
पोखरा, फोन ०६१-५३४४५०



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०७/१३

यस कार्यालयबाट मिति २०७३/११/२६ मा कास्की जिल्ला पोखरा ०६ कास्कीमा संचालन गर्ने गरि ढिकुरपोखरी ०४ कास्की निवासी उपेन्द्र अधिकारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १२४१५/०७३/०७४ (२५४१) को केस्ट्रल नेष्ट स्टुडियो इन नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०७/१३ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# बाङ्गेचौर आधारभूत रङ्गशालामा बजेट विनियोजन भयो, कार्यान्वयन भएन

**रासस**
बागलुङ, २२ मंसिर

बागलुङको बाङ्गेचौर खेलमैदानलाई रङ्गशाला बनाउने योजना बनेको धेरै वर्ष बित्यो । रङ्गशाला निर्माणका लागि बजेट विनियोजन समेत भएर कार्यान्वयनमा आउन सकेको छैन।

बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे भएर खेलाडीलाई सास्ती भएको बाङ्गेचौर खेलमैदानलाई रङ्गाशाला बनाउनका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बन्यो, बजेट आयो तर कार्यान्वयन भने भएन।

बागलुङ नगरपालिकाले बाङ्गेचौर खेलमैदानलाई आधार भूत रङ्गशाला बनाउने गरी समपूरक योजनामा समावेश गरेकै चार वर्ष पुगेको बताइएको छ । यसका लागि आवश्यक रु आठ करोड २२ लाख बजेटसमेत विनियोजन भयो तर रङ्गशाला विस्तारमा वन बाधक बनेपछि कार्यान्वयनमा आउन नसकेको हो । बागलुङ नगरपालिकाको रु चार करोड ११ लाख र राष्ट्रिय योजना आयोगको सिफारिसमा विनियोजन भएको रु चार करोड ११ लाख बजेट तीन वर्ष लगातार आए पनि कार्यान्वयन गर्न नसकिएको बागलुङ नगरपालिकाले जनाएको छ । डिपिआरमा उल्लेख भएअनुसार रङ्गाशाला निर्माणका लागि रामरेखा सामुदायिक वनभित्रको झण्डै एक सय ५० रुख फडानी गर्न आवश्यक रहे पनि वनले समन्वय गर्न नसक्दा करोडौँको बजेट कार्यान्वयनमा नआएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो । "अघिल्ला जनप्रतिनिधिले साझेदारीमा योजना पार्नुभएको थियो, वार्षिकरूपमा ५०-५० प्रतिशतले नगरपालिका र सङ्घीय सरकारले बजेट हाल्दा तीन वर्षमा तीन हजार दर्शक अटाउने प्यारापिट बन्ने थियो", उहाँले भन्नुभयो, "तर बजेट लगातार तीन वर्षसम्म आइरह्यो, हामीले अन्तिम वर्ष भए पनि कार्यान्वयनमा लैजाने भनेर लागिपर्‍यौँ, वनकै समस्याका कारण सकिएन ।" उपप्रमुख खड्काले बजेट आउञ्जेल वनले रुख कटान गर्न नदिएको जनाउँदै यस वर्षबाट बजेट कटौती गरेपछि वनले बल्ल सकरात्मक कुरा गरेको जानकारी दिनुभयो । बहुवर्षीय योजनाका रूपमा बजेट विनियोजन भए पनि संक्षिप्त वातावरणीय मूल्याङ्कनले रुख कटान गर्न नदिने जनाउँदै वातावरणीय प्रभाव मूल्याङ्कन गर्न एक वर्ष लाग्ने भएपछि बजेट कार्यान्वयनमा नआएको हो । तत्कालीन खेलकुद विकास समितिका अध्यक्ष धनबहादुर परियारको नेतृत्वमा पाँच वर्षअघि रङ्गशालाको विस्तृत प्ररियोजना प्रतिवेदन (डिपिआर) रु ३० लाख खर्चेर तयार गरिएको थियो । डिपिआरमा रङ्गाशाला बनाउन रु ३० करोडभन्दा बढी खर्च लाग्ने उल्लेख गरिएको थियो। डिपिआरअनुसार उपल्लो भागमा मध्यपहाडी लोकमार्गले छोएकाले तल्लो भागमा बढाउनुपर्ने र तल्लो भागमा एक सय ५० भन्दा बढी रुख कटान गर्न आवश्यक देखिएको थियो । रुख कटानपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक रहे पनि उक्त काम गर्न एक वर्ष लाग्ने र सो समयमा बजेट 'फ्रिज' भइसकेको बागलुङ नगरपालिकाका इन्जिनियर सोविन घर्तीले जानकारी दिनुभयो।

खेलमैदानको पूर्वतर्फ प्यारापिटलगायतको संरचना निर्माण भइसक्ने बेलामा बजेट कार्यान्वयनमा आउन नसक्नु दुःखद् रहेको जनाउँदै उहाँले वन मान्त्रालयमा फाइल डुल्दाडुल्दै बजेट फर्केको बताउनुभयो। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गसँगै जोडिएको खेलमैदान सडकको मापदण्ड छाडेर बनाउँदा पूर्वपट्टिका रुख फडानी गर्नका लागि रामरेखा सामुदायिक वनसहित वन मन्त्रालयले चासो नदिएपछि बजेट कार्यान्वयनमा नआएको हो । रङ्गशाला ३५ रोपनी जग्गामा निर्माण गर्न थालिएको छ । स्थानीय पालिका र वनबीचको समझदारी समयमै नबन्दा विनियोजन भएको बजेट कार्यान्वयनमा नआउनु दुःखद् रहेको जिल्ला खेलकुद विकास समिति बागलुङका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो । रङ्गाशाला निर्माणका लागि आएको बजेट कार्यान्वयन नहुँदा खेल क्षेत्रका लागि दुर्भाग्य रहेको उहाँको भनाइ थियो। "खेल क्षेत्रका लागि अत्यन्तै दुःखद् हो यो, यत्रो रङ्गशाला बन्दा सबैलाई फाइदै हुन्थ्यो, तर समयमै वन र नगरपालिकाबीच समझदारी बनेन्", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशको पोखरापछिको ठूलो रङ्गशाला निर्माण हुने बागलुङमा बजेटसमेत कार्यान्वयनमा नआउँदा खेलाडीमा निराशा छाएको छ।"

# १४ किलो सुन प्रकरणको छानबिन गर्न समिति

**रासस**
काठमाडौं, २२ मंसिर

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गएराति बरामद गरिएको करिब १४ किलो सुन छानबिन गर्न भन्सार विभागले शुक्रबार छ सदस्यीय छानबिन समिति गठन गरेको छ।

त्रिभुवन विमानस्थल भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत मणिराम पौडेलको नेतृत्वमा उक्त समिति गठन गरिएको प्रमुख भन्सार प्रशासक डा टोकराज पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त समितिमा प्रहरी नायब उपरीक्षक प्रकाश सुवेदी, भन्सार अधिकृत डिल्लुप्रसाद शर्मा, भन्सार अधिकृत प्रकाश निरौला, शाखा अधिकृत मञ्जु थापा र भन्सार अधिकृत लोकराज ढुङ्गाना समेत रहनुभएको छ।

फ्लाई दुबईको उडान नम्बर एफजेड-५७३ बाट गएराति ११:४० बजे काठमाडौँ उत्रेका गोरखाका चन्द्र घलेलाई विशेष सुराकीका आधारमा करिब १४ किलो परिमाणको सुनसहित भन्सार विभागको टोलीले पक्राउ गरेको थियो।

चन्द्र घले र उक्त कार्यमा संलग्न गोरखा बारपाकका मीनबहादुर घलेलाई समेत प्रहरीले पक्राउ गरेको छ।

# कहानी रानीको



-प्रतिक्षा लामिछाने

भगवान तिमीले राजा रानी दुबई बनाएऔं
संसारलाई समाल्न दुबईलाई पठाएऔं
तर किन तिमीले जन्म दिने अधिकार
रानीलाई मात्र हुने गराएऔं ?
यो दुःख यो कष्ट
कसरी पोख्ने अब
हरेक महिना खोला बग्ने गर्छ
रगातका धारा पनि सरह झर्छ
एकै छिनमा मर्छु जस्तो हुन्छ
एकै छिनमा बाच्ने हिम्मत जाग्छ
महिनाको त्यो चार दिन
कति गारो गरि कट्छ
यहाँ कुमारी रहिन्जेल महिनावारी
सताउने गर्छ हरपल घरीघरी
देख्दा केही नहुने राजालाई
मुटु टुटेर आउछ ऐना सरि
कुमारीत्व सकिएपछि
रानी राजा सङ गएपछि
पहिलो रात कट्यो
पेटमा बच्चा बस्यो
चाहेर नचाहेर फेरि
आमा हुने सपना सज्यो
आमा रानी फेरि आमा
कसरी अनि किन
राजाको टाउकोमा त्यो दुखाइ आउदैन कि
त्यो संसारले रानीको झै दुखाइ खान सक्दैन कि
जे होस फेरि पेटमा कसैको ज्यान
शरीर त्यहि भित्र आर्को सानो मन
बढ्दै जाने पेट भित्र कसैको तन
सकेकौ हो रानीले उठाउन यत्रो खटन
दुई मिनेट पेटमा ढुङ्गा राख्दा गारो हुन्छ
नौ महिना रानी भएसी बच्चा राख्नु पर्छ
आफ्नो शरीर जे गर्दा नि हुन्थियो
तर अब बच्चाका लागि बच्नुपर्छ
उठ्दा बस्दा गाह्रो हुने
घरिघरी मन साह्रो हुने
जता हिड्दानी पेट भित्रको
सन्तान आफू भन्दानी प्यरो हुने
रानीलाई त दुखै दुख
राजालाई त धेरै छ नि सुख
जिम्मेवारीको भारी राजाको शीर माथी
खाको लाको जिन्दगी भरको
सबै शक्ति एकैछिनमा गयो
संसार छाडेर रानीलाई आफू मरे झैं भो
फर्कियो गएको सास
जब रानीको बच्चाले धर्ती छोयो अनि रोयो
भगवान यत्रो दुख अनि कष्ट
यहाँ त के नै बयान गरेको छु र
काहानी रानीको थियो
पीडा हरेक नारी को हो यो
मात्र यती बिन्ती गर्छु भगवान म
तिमी सङ यती कुरा माग्छु
मेरा हरेक कष्टमा साथ दिने राजा दिनु मलाई
नत्र त यो दुख लिएर म जीउँदै मर्छु

-भद्रकाली मा.वि. कक्षा १२
विज्ञान संकाय अध्ययनरत

# एसओएस गण्डकीमा 'मानव पुस्तकालय' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर




पोखराको रामबजारस्थित एसओएस हरमन माइनर स्कुल गण्डकीमा 'मानव पुस्तकालय'को दोस्रो शृङ्खला सम्पन्न भएको छ। विद्यालयको प्राङ्गणमा आयोजित उक्त कार्यक्रम 'मानवजीवनका भोगाइजन्य अनुभव पनि आफैँमा पुस्तक हो' भन्ने अवधारणामा आधारित रही अन्तर्क्रियात्मक रूपमा सम्पन्न भएको थियो।

विद्यालयमा गठित युवा रेडक्रस सर्कल र एसओएस पाठक मञ्चमा क्रियाशील विद्यार्थीहरूको आयोजनामा सम्पन्न भएको मानव पुस्तकालयको दोस्रो शृङ्खलामा अतिथिका रूपमा ५ जना मानव पुस्तकहरूको सहभागिता रहेको थियो। गण्डकी विश्वविद्यालयका डिन एवम् भौतिक शास्त्री डा. कपिल अधिकारी, नेपाल पत्रकार महासङ्घकी केन्द्रीय सदस्य सरिता तिम्सिना पङ्गेनी, महिला सशक्तीकरण अभियान नेपालकी संस्थापक एवम् पर्यटनी व्यवसायी लक्की कार्की क्षेत्री, विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान गण्डकी प्रदेशका प्रवक्ता डा. निरञ्जन कोइराला तथा मुए थाई पोखराका संस्थापक एवम् खेलप्रशिक्षक दीपक गोदारले प्रथम चरणको कार्यक्रमको आतिथ्य ग्रहण गरेका थिए।

उनीहरूले विद्यार्थीहरूले सोधेका प्रश्नहरूको उत्तरमा आधारित रही आफ्ना जीवनभोगाइलाई खुला पुस्तकका पानाझैँ पल्टाए । अतिथिहरू कुनै एक विधाको खुला पुस्तक बने भने विद्यार्थीहरू त्यसका पाठक भएर ज्ञान आर्जन गरे । खुला पुस्तकका रूपमा उपस्थित अतिथिहरूले आफ्नो बाल्यकाल, शिक्षादीक्षा, रुचि, जीवनको लक्ष्य, लक्ष्यप्राप्तिका लागि गरिएको सङ्घर्ष, वर्तमान समयमा अवलम्बन गरिरहेको पेसा, व्यवसाय र सफलताका कथाबारे प्रेरणादायी उद्‌गारहरू अभिव्यक्त गरेका थिए।

मानवरूपी पुस्तक र पाठकका बीचमा झन्डै डेढ घण्टा चलेको अन्तर्क्रियापछि कार्यक्रम औपचारिकतामा रूपान्तरित भएको थियो। एसओएस पाठक मञ्चकी अध्यक्ष अनुष्का बस्नेतको अध्यक्षतामा सम्पन्न औपचारिक समारोहको सञ्चालन विद्यार्थीद्वय स्नेहा पौडेल र रिश्मा पाण्डेले गरेका थिए। कार्यक्रममा स्वागत मन्तव्य राख्दै कार्यक्रम आयोजना समितिकी संयोजक सहनशीला पौडेलले पुस्तकालयमा उपलब्ध हुने पुस्तकका पानामात्रै पल्टाएर भन्दा पनि ज्ञान र अनुभवले भरिएका व्यक्तित्वहरूका पुस्तकका पाना पल्टाएर विद्यार्थीहरूलाई लाभान्वित गराउन कार्यक्रमको आयोजना गरिएको बताइन् । एसओएसको 'मानव पुस्तकालय' कार्यक्रम पुस्तक र पाठकको प्रत्यक्ष कुराकानी भएकाले अस्पष्ट लागेका कुराहरूमा तत्क्षण प्रश्न राखी आफ्नो जिज्ञासा मेटाउन पनि विद्यार्थीहरू सफल भए । पुस्तकालयको पुस्तक निकालेर पढ्दा आफूलाई चित्त नबुझेको वा अस्पष्ट भएको कुरामा तुरुन्त प्रश्न गर्ने अवसर नपाइने तर मानव पुस्तकालयमा त्यो सुविधा रहने भएकाले यो अवधारणा आफूलाई निकै रमाइलो र प्रभावकारी लागेको अनुभव सुनाइन् कार्यक्रममा सहभागी कक्षा ११ की अनुष्का आचार्यले।

मानव पुस्तकालयसम्बन्धी अवधारणा पहिलोचोटि डेनमार्कको कोपनहेगनबाट प्रारम्भ भएको हो । सन् २००० बाट औपचारिक रूपमा सुरुवात गरिएको यो अवधारणा हाल विश्वका झन्डै ९० ओटा राष्ट्रमा सञ्चालनमा ल्याइएको छ । विश्वका केही देशमा यो अवधारणाअनुसारका कार्यक्रमहरू सञ्चालन भए पनि नेपालको शैक्षिक जगत्‌मा मानव पुस्तकालयको अवधारणा अघि सारी यस कार्यक्रमको विधिवत् प्रयोग र परीक्षण गर्ने पहिलो विद्यालय नै एसओएस गण्डकी भएको संस्थाका प्रधानाध्यापक चूडामणि सुवेदीले दाबी गरे।

आफ्ना रुचिका क्षेत्रमा केही गरूँ भन्ने विद्यालयका नवप्रवर्तनकारी सोच भएका विद्यार्थीहरूले ल्याएको प्रस्तावलाई प्रोत्साहन गर्न यस किसिमको कार्यक्रम आयोजना गरिएको हो।' प्रधानाध्यापक सुवेदीले भने, 'विद्यार्थीको नवीन र सिर्जनात्मक सोचलाई सार्थक बनाउन नेपालका शिक्षालयहरूमध्ये पहिलो प्रयोगका रूपमा एसओएस गण्डकीले गत वर्षदेखि शृङ्खलाबद्ध रूपमा मानव पुस्तकालय आरम्भ गरेको हो ।' मानवजीवनका अनुभव र अनुभूतिलाई पुस्तक मानेर अन्तर्क्रियाका माध्यमबाट विभिन्न विषयक्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको जीवनभोगाइबाट शिक्षा र सन्देश ग्रहण गर्नु यस अवधारणाको प्रमुख विशेषता रहेको एसओएस पाठक मञ्चका शिक्षक संयोजक कमल कोइरालाले बताए।

एसओएस पाठक मञ्चकी अध्यक्ष अनुष्का बस्नेतले विद्यार्थीको नवप्रवर्तनकारी सोचलाई प्रोत्साहन गरेकामा विद्यालयप्रति आभार व्यक्त गरिन्। गत वर्ष आयोजना गरिएको पहिलो शृङ्खलाको अभ्यासबाट आफूहरू लाभान्वित भएकाले दोस्रो शृङ्खलाको कार्यक्रमलाई थप व्यवस्थित योजनाका साथ प्रस्तुत गरिएको पनि उनले बताइन् । पुस्तकका रूपमा उपस्थित भएका अतिथिहरूले पुस्तक बनेर पाठकका जिज्ञासा मेटाउन पाउँदा आफूहरूलाई आनन्द लागेको रोचक अनुभूति सुनाए। उनीहरूले मानव पुस्तक भएर आफ्ना जीवनभोगाइका बारेमा एसओएसका विद्यार्थीसँग पोखिँदा आफूहरू अतीतका लोभलाग्दा क्षणहरूमा हराउन पुगेको धारणा राखे।

मानव पुस्तकालयको औपचारिक समारोहमा एसओएस युवालय गण्डकीका निर्देशक बाबुराम बराल, विद्यालयका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकी एकाइका अध्यक्ष टीकाराम सुवेदीलगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो।

# महोत्सव सफल पार्न कस्सिए आमा समूह

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर



लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको १९ औं लेखनाथ महोत्सवको तयारी तीव्र पारिएको छ। महोत्सवलाई मध्यनजर गर्दै यस क्षेत्रमा रहेका संघसंस्था तथा महिला आमा समूहको शुक्रबार बसेको भेलाले महोत्सव सफल पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा जोड दिए।

भेलामा बोल्दै पुर्वअध्यक्ष एवं महोत्सवका निर्देशक चतुराखर अधिकारीले लेखनाथ महोत्सव नेपालकै उत्कृष्ट महोत्सव भएको दावी गर्दै महिला आमा समुहहरुको सक्रियताका कारण लेखनाथ महोत्सवले उचाई हासिल गरेको वताउँदै आगामी दिनमा यस्तै साथ सहयोग पाउने विश्वास व्यक्त गरेका थिए।

यस्तै पोखरा महानगरपालिका कार्यपालिका सदस्य निर्मला पौडेलले लेखनाथ हाम्रो पहिचान भएको र यसलाई जोगाउने एक मात्र संस्था लेखनाथ उद्योग वाणिज्य संघ र लेखनाथ महोत्सव भएको वताउँदै १९ औं संस्करणको लेखनाथ महोत्सवलाई एक मन र एकताका साथ सफल बनाउन महिला दिदिबहिनीहरुले सहयोग पुर्‍याउनुपर्ने वताएकी थिईन।

महिला समुहहरुको तर्फबाट बोल्दै पार्वती थापाले लेखनाथ महोत्सवलाई सभ्य र भव्य रुपमा सफल पार्नुपर्ने वताउँदै महिलाहरुको उद्यमशिलताको विकास, क्षमता अभिवृद्धि, आयआर्जन लगायतका विषयमा विगतका दिनमा पनि संघल पहल गर्दै आईरहेको र आगामी दिनहरुमा यसतर्फ महिला दिदि बहिनीहरुले चासो बढाउनुपर्ने समेत वताएकी थिईन।

भेलाका सहभागीहरुले महोत्सवमा महिला/आमा समुहहरुको सक्रियता उल्लेख्य हुने गरेको र संघले पनि त्यसलाई अझै व्यवस्थीत बनाउनुपर्नेमा जोड दिएका थिए। अधिकांशले मातृशक्तीको सम्मानमा आयोजना गरिने कार्यक्रम रत्यौली प्रतियोगिता अलि तामझामपुर्ण र भड्किलो बन्दै गएकोमा यसतर्फ आयोजकले ध्यान दिनुपर्ने वताएका थिए । संघका अध्यक्ष एवं महोत्सवका मुल संयोजक विनोद श्रेष्ठले भेलामा उठेका सुझावहरुलाई मनन गर्दै यसपालीको रत्यौली प्रतियोगितामा गित, भेषभुषा र प्रस्तुतीको आधारमा मुल्याय्न हुने र त्यसमा बाजा गाजा लगायतका कुराहरु स्वेच्छीक हुने र त्यसको आधारमा अंक नदिईने वताएका थिए । उनले महिला दिदिबहिनीहरुका उत्पादनहरु प्रर्दशन एवं विक्रिका लागी महोत्सवमा ४ वटा निशुल्क स्टलको व्यवस्था गरिएको वताउँदै त्यसको लाभ लिन समेत आग्रह गरेका थिए।

कार्यक्रममा झाँकी र्‍याली व्यवस्थापन उप-समितिकी संयोजक एवं पोखरा महानगरपालिका वडा नं. २७ की वडा सदस्य बुद्धिमाया मगरले महोत्सवले सम्पुर्ण जातजाती, भाषा भाषी एवं समुदायका मानिसलाई एकैथलोमा जम्मा गरेर मौलीक संस्कार र संस्कृतिको जर्गेना गर्ने काम गरेको वताउँदै यसपाली महोत्सवमा झाँकी र्‍याली अझै व्यवस्थीत गरिनुका साथै विगतका योगदानलाई अझै कदर गर्ने प्रयास गरिएको वताएकी थिईन। संघका सल्लाहकार एवं महिला/आमा समुह परिचालन उप-समितिका संयोजक सन्ध्या दाहालको अध्यक्षतामा बसेको कार्यक्रमको सञ्चालन संघकी महासचिव जानुका पराजुलीले गरेकी थिईन भने धन्यवाद ज्ञापन रत्यौली कार्यक्रमकी संयोजक एवं महिला उद्यमी उप-समितिकी संयोजक गंगा कुमारी मल्लले गरेकी थिईन । यहि पुष ५ गतेदेखी १६ गतेसम्म सञ्चालन हुने महोत्सव सम्पन्न गर्नका लागी ९ सदस्यीय निर्देशक समिति, ४१ वटा उप-समिति र १ सय २० सदस्यीय कार्यसम्पादन समिति गठन गरिएको छ । हाल शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने प्रचार प्रसार समितिका संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले वताए। लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने १९ औं संस्करणको महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए।